लोक सेवा आयोग

**नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रशासन, प्रशासन, प्रशासन, छैटौं, अधिकृत पदको खुला**

**प्रतियोगितात्मक लिखित परीक्षा**

२०८०।०९।२१

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **सेवा सम्बन्धी**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** **५० अङ्क**

१. व्यवस्थापन सूचना प्रणाली (MIS) भनेको के हो? प्रष्ट पार्दै यसले कार्यालय व्यवस्थापनमा के-कसरी सहयोग पुऱ्याउँछ? चर्चा गर्नुहोस् । २.५+२.५=५

२. कार्यालय समयको लचकता (Flexi-time) भनेको के हो? जानकारी गराउनुहोस् । ५

३. नेपालमा सार्वजनिक संस्थानहरूको अवस्था चर्चा गर्दै यस्ता संस्थानहरूलाई प्रभावकारी बनाउन के-कस्तो संरचनात्मक परिवर्तन गर्नुपर्ला? समीक्षात्मक टिप्पणी गर्नुहोस् । ३+७=१०

४. प्रशासन र व्यवस्थापनमा सम्पूर्ण गुण व्यवस्थापन (TQM) र संगठन तथा व्यवस्थापन प्रणाली (O and M System) भनेको के हो? उदाहरण सहित प्रष्ट पार्नुहोस् । ५+५=१०

५. कार्य विस्तृतीकरण (Job Enlargement) र कार्य पुष्टीकरण (Job Enrichment) बीचको भिन्नता दर्शाउँदै नेपाल नागरिक उड्डयन प्राधिकरणको प्रशासन सेवा, प्रशासन समूह, छैटौं तह, अधिकृत पदको लागि स्पष्ट काम, कर्तव्य र अधिकार भएको कार्य विवरण (Job Description) सहितको कार्य विश्लेषण (Job Analysis) को ढाँचा प्रस्तुत गर्नुहोस् । ३+७=१०

६. शासनको अवधारणा स्पष्ट गर्दै यसका आधारभूत पक्ष तथा विशेषताहरू उल्लेख गर्नुहोस् ।२+३+५=१०

**खण्ड "ख"** **५० अङ्क**

७. नेपाल नागरिक उड्डयन प्राधिकरणलाई समयानुकुल र बाह्य अभ्यास समेतका आधारमा नियामक (Regulator) र सेवा प्रदायक (Service Delivery/Provider) फरक-फरक निकाय बनाउन उचित छ/छैन? पुष्ट्याईं सहित आफ्नो सुझाव पेश गर्नुहोस् । ५

८. बजेट चक्र (Budget Cycle) भनेको के हो? यसका विभिन्न चरणहरूको जानकारी गराउनुहोस् । २+३=५

९. नेपालमा सूचनाको हक कार्यान्वयनको लागि के-कस्तो कानूनी व्यवस्था गरिएको छ? के यी व्यवस्था पर्याप्त छन्? यसमा के-कस्तो थप सुधार गर्नुपर्ला? विवेचना गर्नुहोस् । ३+३+४=१०

१०. नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थलको विकास र विस्तारका लागि सर्वसाधारणबाट जग्गा प्राप्ति गर्नका लागि अवलम्बन गर्नुपर्ने जग्गा प्राप्ति सम्बन्धी कानूनी कार्य प्रक्रिया सविस्तार उल्लेख गर्नुहोस् । १०

११. नेपालमा हुने हवाई दुर्घटनाका कारणहरूमा भौगोलिक, मानवीय र प्राविधिक पक्ष जिम्मेवार रहेको बताइन्छ । यसबाट (हवाई दुर्घटना) नेपालको अन्तर्राष्ट्रिय छवि (Image) मा समेत असर परेको छ । प्रस्तुत सन्दर्भमा नेपालको हवाई उडान सुरक्षा र हवाई सुरक्षालाई कसरी मजबुत एवं विश्वसनीय बनाउन सकिएला? सुझाव प्रस्तुत गर्नुहोस् । १०

१२. नेपालको आर्थिक विकासको तीन खम्बे नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई समेटिएको छ । यी तीन पक्षहरूबीच पर्याप्त सहकार्य नभएको देखिएको सन्दर्भमा के-कस्ता उपाय अवलम्बन गरी नेपालको आर्थिक विकासको गति तीव्र पार्न सकिन्छ? मौलिक सुझाव दिनुहोस् । १०

:: समाप्त ::